# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः- ४०६* | *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।

विषय :- **निर्यात भुक्तानी ल्याउनुपर्ने व्यवस्था बारे ।**

महाशय

भारत वाहेक अन्य मुलुकहरूमा निर्यात भएको वस्तुहरूको भुक्तानी तोकिएको अवधिभित्र प्राप्त भएको वा नभएको बारेमा नियमित रुपले अद्यावधिक जानकारी लिने सम्बन्धमा निम्न लिखित व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. प्रतीतपत्रको आधारमा निर्यात भएको वस्तुहरूको Documents Negotiate गरेपछि उल्लिखित मिति भित्र भुक्तानी प्राप्त हुन नआएमा कारण सहित त्यस्तो निर्यातकर्ताहरूको विवरण नियमित रुपले यस बैंकलाई जानकारी गराउनुपर्नेछ ।

२. Documents Collectionमा पठाएको हकमा निर्यातकर्ताबाट उक्त Documents Collection मा पठाउनुको कारण र भुक्तानी प्राप्त हुने सम्भावित अवधि अनिवार्य रुपले उल्लेख गराउनुपर्ने र सो अवधि भित्र (निर्यात भएको मितिले ६ महिना ननाघ्ने गरी) भुक्तानी प्राप्त नभएमा त्यस्ता निर्यातकर्ताहरूको विवरण नियमित रुपले यस विभागलाई जानकारी गराउनुपर्नेछ ।

उपरोक्त विवरणहरू यसैसाथ संलग्न वि.वि.नि.फा.नं. २(क) अनुसारको ढाँचामा मासिक रुपले महिना समाप्त भएको ७ (सात) दिनभित्र यस विभागलाई उपलव्ध गराउनुपर्नेछ ।

३. निर्यात Documents Negotiate भई वा कलेक्शनार्थ पठाएको Documents को भुक्तानी प्राप्त हुँदा डकुमेन्टमा उल्लेखित रकम भन्दा कम परिमाणको विदेशी मुद्रा प्राप्त भएको छ र यसरी Shortfall भएका केसहरू आयातकर्तासँग सम्वन्धित बाणिज्य बैंकहरूले विभिन्न Charges वापत कट्टा गरेको रकमको कारणले भएको रहेछ भने यस्ता केसहरूलाई Shortfall को Category मा नराख्ने र सम्वन्धित बैंक आफैले टुङ्गो लगाउन सक्नेछ । तर, यसरी टुङ्गो लगाउँदा सम्वन्धित बैंकहरूले Shortfall भएको रकम विदेशस्थित Correspondent बैंकहरूको Charges मात्र हो र यसमा विदेशी आयातकर्ताहरूको तर्फबाट कट्टा गरेको रकम समावेश छैन भन्ने यकिन गर्नु पर्नेछ ।

४. नेगोसिएट (Negotiate) भएका वा कलेक्शन (Collection) मा पठाइएका कुनै पनि निर्यात Documents को भुक्तानी प्राप्त हँदा Documentमा उल्लेख भएको विदेशी मुद्रा रकमको दुई प्रतिशत वा अमेरिकी डलर १,०००।- (वा सो सरहको अन्य परिवर्त्य विदेशी मुद्रा) सम्म जुन बढी हुन्छ, सोही रकम वरावरको कम भुक्तानी प्राप्त हुने अवस्था भएमा वा प्राप्त भएमा

सम्बन्धित कागजातहरू अध्ययन गरी उपयुक्त ठहरिएको खण्डमा र निर्यातकर्ताको पनि सहमती भएमा बैंक स्वयंले त्यस्तो विदेशी मुद्रा भुक्तानी स्वीकार गरी सम्वन्धित निर्यातकर्तालाई भुक्तानी दिन सक्नेछ ।

साथै, यसरी कम भुक्तानी ल्याउने हिसाव गर्दा प्रत्येक प्रतीतपत्रको छुट्टाछुट्टै हिसाव गर्नुपर्नेछ ।

५. यसरी निर्यातको भुक्तानी प्राप्त गर्दा प्रति डकुमेन्ट माथि उल्लेख गरिए अनुरुपको रकमभन्दा बढी रकम न्यून (Shortfall) हुने भएमा यस बैंकको स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ ।

माथि उल्लेख भए अनुसार कम भुक्तानी प्राप्त भएको विवरण वि.वि.नि.फा.नं.२(क) को ढाँचामा यस विभागलाई उपलब्ध गराउनुपर्नेछ ।

६. नेपाली निर्यातकर्ताहरूको नाममा प्राप्त हुने प्रतीतपत्रहरूमा ह्याण्डलिङ्ग चार्ज वा कमिशन इत्यादी वापत भनी विदेशी मुद्राको रकम कट्टा हुने वा भुक्तानी गर्नुपर्ने शर्तहरू राखिएको छ भने त्यस्ता प्रतीतपत्रहरू स्वीकार गर्न नमिल्ने । तर यसरी कट्टा हुने वा भुक्तानी गर्नु पर्ने रकम डकुमेण्टको दुई प्रतिशत वा अमेरिकी डलर १,०००।- (जुन बढी हुन्छ) नाघ्दैन भने त्यस्ता प्रतीतपत्रहरू स्वीकार गर्न बैंकहरूलाई बाधा पर्ने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४०६ प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. २(क)

........................
..........................................

निर्यात भुक्तानी प्राप्त हुन नआएको मासिक विवरण
२०          देखि २०          मसान्तसम्म

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग ।

विषय :- एफ.वि.एन./एफ.वि.सी. विवरण

| कारोवार नं. | निर्यातकर्ताको नाम, ठेगाना | निर्यात भएका वस्तुहरूको विवरण | | नेगोसियशन मिति | भुक्तानी आउनुपर्ने मिति | भुक्तानी आउनुपर्ने बाँकी रकम | फिर्ता आएको कारण |
|---|---|---|---|---|---|---|---|
| | | निर्यात वस्तुको नाम | विदेशी मुद्रा | | | | |
| | | | | | | | |

अधिकृत दस्तखत
बैंकको छाप